# डिभिजन वन कार्यालय कास्कीको
# काठ/दाउरा लिलाम विक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/०५**

कास्की जिल्ला अन्तर्गतका विभिन्न कार्यालयहरुको कम्पाउण्ड हाताभित्र रहेका जोखिमयुक्त रुखहरु नियमानुसार कटान, मुछान गरी उत्पादन भएको लट नं. ४ देखि ९ सम्मको सिसौ र अन्य जात समेत ७१४.९९ घ.फि. काठ र १.५० चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ नियम १२८ (संशोधन समेत) अनुसारको योग्यता पुगेका काष्ठ उद्योग/व्यवसायी फर्मले यो सूचना प्रकाशित भएको मितिले लट नं. ४ को हकमा २१ औं दिनसम्म बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न र लट नं. ५ देखि ९ सम्मको हकमा १६ औं दिन हुने डाँडबढाबढ प्रक्रियामा भाग लिन आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालय कास्कीमा सम्पर्क राख्न सकिने छ ।

डिभिजनल वन अधिकृत